दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २४५ | बुटवल | २०८१ भदौ १५, गते शनिबार | नेपाल संवत ११४४ | Saturday Aug.31 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१


# प्रदेशको 'ड्रिम प्रोजेक्ट' आज शिलान्यास हुँदै

**लुम्बिनी संवाददाता**

*बुटवल*

लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजना लुम्बिनी प्रादेशिक अस्पताल भवन निर्माणको शिलान्यास उपप्रधान तथा अर्थमन्त्री विष्णु पौडेलले आज (शनिबार) गर्दैछन् ।

विशेषज्ञ सेवा उपलब्ध गराउने गरी लुम्बिनी प्रादेशिक अस्पतालको अत्याधुनिक भवन ६ अर्ब १८ करोड रुपैयाँमा निर्माण हुन लागेको हो । लुम्बिनी प्रदेशका संस्थापक मुख्यमन्त्री शंकर पोखरेलले बुटवलको लुम्बिनी प्रादेशिक अस्पताल र तुलसीपुरको राप्ती प्रादेशिक अस्पताललाई विशेषज्ञ सेवा उपलब्ध गराउने गरी 'ड्रिम प्रोजेक्ट'को रुपमा अघि सारेका हुन् । पोखरेलले अघि सारेको त्यही 'ड्रिम प्रोजेक्ट'अन्तर्गत लुम्बिनी प्रादेशिक अस्पतालको डीपीआर तयार भइ ठेक्का समेत भइसकेको छ भने राप्ती प्रादेशिक अस्पतालको डीपीआर तयार भएको छ । 'राप्तीको इआइए हुँदैछ ।' –प्रदेश पूर्वाधार विकास प्राधिकरणका प्रमुख छविराज पोखरेलले भने ।

लुम्बिनी प्रादेशिक अस्पतालमा सबै प्रकृतिका बिरामीले विशेषज्ञ उपचार सेवा उपलब्ध गराउने गरी पूर्वाधार निर्माण गर्न लागिएको हो । यो अस्पताल प्रदेश सरकारको आर्थिक स्रोतमा बन्न लागेको पहिलो ठूलो संरचना हो । प्रदेश सरकारअन्तर्गतको पूर्वाधार विकास प्राधिकरणले तयार गरेको गुरुयोजनाअनुसार अस्पतालको भवन १० तलाको हुनेछ ।

पाँच तलाको क्यान्सर उपचारको छुट्टै भवन हुनेछ । १० तलाको भवनमा दुई तला अन्डरग्राउन्ड पार्किङ हुनेछ भने पाँच तलाको भवनमा एक तला अन्डरग्राउण्ड पार्किङ हुनेछ । दुई भवन र त्यसका उपकरण, आन्तरिक व्यवस्थापनमा सरकारले ८ अर्ब ९९ करोड ७५ लाख ६४ हजार १ सय ९९ रुपैयाँ लागत अनुमान गरेको छ । त्यसमा एक भारतीयसहित दुई नेपाली कम्पनीसँग संयुक्त रूपमा ५ वर्षभित्र काम सक्ने गरी ६ अर्ब १८ करोड रुपैयाँमा सम्झौता भएको छ । नयाँ भवनको अगाडिको भागमा अत्याधुनिक बहिरंग सेवा ओपीडी, आपतकालीन उपचार, इमर्जेन्सी र इन्डोर सर्भिस कक्षसहित १२ सय बेड रहने छन् । साथै विशिष्टीकृत ग्यास्ट्रो, न्युरो, कार्डियोलोजीलगायतका सबै विशेषज्ञ सेवा एउटै भवनबाट उपलब्ध हुनेछन् ।

पूर्वाधार विकास प्राधिकरण दाङका प्रमुख इञ्जिनियर पोखरेलले 'क्याम्पासाइट-आशिष-रेलिगेर' संयुक्त कम्पनीसँग ठेक्का सम्झौता भएको जानकारी दिए । क्याम्पासाइट भारतीय प्रतिष्ठित निर्माण कम्पनी हो । आशिष र रेलिगेर नेपाली कम्पनी हुन् ।

ठेक्का प्रक्रियामा यस अघि दुईपल्ट टेण्डर आव्हान भएको थियो तर ठेक्का प्रक्रिया विवादास्पद भएपछि रद्द गरिएको थियो ।



भवन निर्माण मापदण्डको 'स्पेसिफिकेसन' मै आशंका भएपछि दुवै टेन्डर रद्द गरिएको थियो । तेस्रोपल्टमा आव्हान भएको टेण्डर स्वीकृत भइ काम अघि बढेको हो ।

सरकारले चालु आवमा भवन निर्माणका लागि १ अर्ब ८० करोड रुपैयाँ विनियोजन गरेको छ । गत आवमा ७० करोड रुपैयाँ विनियोजन गरेको थियो । प्रदेश गौरवको आयोजना भएको र यो आयोजना महत्वपूर्ण भएकाले रकम अभाव हुन नदिने मुख्यमन्त्री चेतनारायण आचार्यले बताए ।

निर्माण कम्पनीले ठेक्का स्वीकृत भएलगत्तै काम सुरु गरिसकेको छ । अहिले अस्पताल परिसरका पुराना संरचना हटाउने काम सम्पन्न भएको छ ।

राणा प्रधानमन्त्री चन्द्रशमशेरका पालामा १९६७ सालमा ६ बेडको अस्पताल निर्माण गरेकामा २०२४ सालमा ५० बेडमा विस्तार भएको थियो । २०५० सालमा १ सय बेडमा विस्तार भएको अस्पतालमा २०७२ सालबाट सरकारबाट ३ सय र विकास समितिबाट १ सय बेड गरी ४ सय बेडमा स्तरोन्नति भएको थियो । अहिले ५ सय २४ बेडमा बिरामीको उपचार भइरहेको छ ।

अस्पतालबाट अहिले बहिरंग सेवातर्फ जनरल मेडिसिन, न्युरो मेडिसिन, कार्डियोलोजी, अर्थोपेडिक सर्जरी, जनरल सर्जरी, प्लास्टिक सर्जरीसहित १७ भन्दा बढी विभागीय सेवा सञ्चालनमा छन् । परीक्षणतर्फ प्याथोलोजी, एक्स-रे, सिटी स्क्यान, अल्ट्रासाउन्ड, इन्डोस्कोपी, क्लोनोस्कोपी, ईईजी, ओपीजी, इकोकार्डीओग्रामलगायतका सेवा उपलब्ध छन् । सबै उपचारका लागि ७४ विशेषज्ञ डाक्टरसहित ६ सय बढी स्वास्थ्यकर्मी कार्यरत छन् ।

**सुधार हुँदै सेवा**

२०७६ साउनमा लुम्बिनी प्रदेशसभाको सामाजिक विकास समितिले स्थलगत अध्ययन गरी लुम्बिनी प्रादेशिक अस्पताल अस्तव्यस्त रहेको निष्कर्ष निकालेको थियो । तर अहिले अस्पतालको सेवाप्रवाहमा उल्लेख्य सुधार आएको छ । आब २०७८/०७९ मा ७४ अंक ल्याएको लुम्बिनी प्रादेशिक अस्पतालको उकालो यात्रा निरन्तर अघि बढेको छ । आव २०७९/०८० मा ८० अंक ल्याएको यो अस्पतालले आब २०८०/०८१ मा ८८ अंक ल्याउन सफल भयो । लुम्बिनी प्रादेशिक अस्पतालमा पहिले ८ शैया रहेको बच्चाको आइसीयु अहिले ३३ शैया पुगेको छ । बयस्कका लागि ६ शैया रहेको आइसीयु अहिले २६ शैया पुगेको छ ।

## सेफ्टी ट्याङ्कीमा तीनको मृत्यु

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको विनयी त्रिवेणी गाउँपालिका ७ रानीनगरमा निर्माणाधिन रहेको सेफ्टी ट्याङ्कीमा काम गर्ने क्रममा निसासिएर तीन जनाको मृत्यु भएको छ ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलका अनुसार रानीनगरमा भोलासिंह क्षेत्रीको निर्माणाधिन अवस्थामा रहेको घरको ट्वाइलेटको सेफ्टी ट्याङ्कीभित्र काम गर्ने क्रममा अचानक बेहोस भएर तीन जनाको मृत्यु भएको हो । निसासिएर घरधनी भोलासिंह क्षेत्रीका छोरा ३८ वर्षीय प्रकाशसिंह क्षेत्री, विनयी त्रिवेणी ७ निवासी शिव बोगटीका १९ वर्षीय छोरा गणेश बोगटी र पश्चिम नवलपरासीको बर्दघाट नगरपालिका ७ निवासी २८ वर्षीय मोहम्द राजाको मृत्यु भएको हो ।

सेफ्टी ट्याङ्कीमा बेहोस भएका उनीहरुलाई उपचारका लागि लगिएकोमा प्रकाशसिंहको परासीस्थित जिल्ला अस्पताल पृथ्वीचन्द्र अस्पतालमा, बोगटी र मोहम्द राजाको भिम अस्पताल भैरहवामा मृत्यु भएको हो । मृतक मोहम्मद राजा मजदुर हुन भने उनी बेहोस भएर बचाउन गएका प्रकाशसिंह क्षेत्री घरधनीका छोरा र गणेश बोगटी छिमेकी हुन् । मृतकहरुको शव पोष्टमार्टमका लागि राखिएको प्रहरीले जनाएको छ ।

## पाँच वर्षे हदम्याद हट्यो

बुटवल । भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयकबाट भ्रष्टाचारको अनुसन्धानका लागि प्रस्तावित पाँच वर्षे हदम्यादको प्रावधान हटाइएको छ ।

भ्रष्टाचारको हदम्यादसम्बन्धी प्रस्ताव राखेकोमा चौतर्फी विरोध भइरहेको थियो । प्रमुख प्रतिपक्षी दलका सांसदहरूले पटकपटक प्रश्न उठाएका थिए । प्रतिनिधिसभा राज्य व्यवस्था समितिको बैठकबाट शुक्रबार उक्त हदम्यादको प्रावधान सर्वसम्मतरुपमा हटाउने निर्णय भएको हो । बैठकमा गृहमन्त्री रमेश लेखकले हदम्यादसम्बन्धी प्रावधान नराख्न सरकार तयार रहेको जानकारी गराएका थिए ।

## वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्न आग्रह

बुटवल । राजमार्ग खण्डमा सडक निर्माण गर्दा वन्यजन्तु मैत्री पूर्वाधारहरू बनाउनुपर्नेमा सरोकारवालाहरूले जोड दिएका छन् । पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री पूर्वाधार नहुँदा दुर्घटना हुने तथा वन्यजन्तुको ज्यान जाने जस्ता घटना हुन थालेपछि वन्यजन्तुमैत्री पूर्वाधार निर्माण गर्नको लागि बुटवलमा आयोजित लुम्बिनीमा प्रदेशस्तरीय कार्यशालामा बोल्ने वक्ताहरूले जोड दिएका हुन् । सडकहरू बनाउँदा वन्यजन्तुको लागि अन्डरपास राख्नुपर्ने, सिँचाइको लागि निर्माण गरिने कुलो, नहरमा दुर्घटनामा परेका वन्यजन्तु माथि उक्लिन मिल्ने गरी बनाउनुपर्ने, विद्युतीकरण गर्दा तारहरूमा स्टिकर लगाउनुपर्नेलगायतका कुराहरूमा ध्यान दिन आग्रह उनीहरुले गरेका थिए । जनप्रतिनिधिहरूले भने वन क्षेत्रमा कुनै पनि संरचना बनाउन नपाइएको भन्दै दुःख व्यक्त गरेका थिए ।

नेपाल विश्व वन्यजन्तु कोष तथा नेचर मिडिया नेटवर्कको आयोजनमा भएको कार्यशालामा पूर्वपश्चिम राजमार्गमा जोडिएका लुम्बिनी प्रदेशका तीन जिल्लाका ७ पालिकाका जनप्रतिनिधि, वन निर्देशनालय, सञ्चारकर्मी तथा सरोकारवालाहरूको सहभागितामा बोल्ने अधिकांशले अब बन्ने पूर्वाधार वन्यजन्तुमैत्री बन्नुपर्ने उल्लेख गरेका थिए ।

कार्यशालामा बोल्दै बुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डेयले वन र सरकारको समन्वय नहुँदा वनमा कुनै पनि कार्यक्रम हुन नसकेको उल्लेख गरे । उनले सडक निर्माण गर्ने कुरा सङ्घीय सरकार मातहत हुने भएको बताउँदै सामान्य जानकारी बाहेक अन्य कुनै कुरा पनि स्थानीय तहको क्षेत्रभित्र नपरेको उल्लेख गरे ।

यता कपिलवस्तुको शिवराज नगरपालिका प्रमुख अजय थापाले छाडा चौपाया व्यवस्थापन गर्नको लागि गौचरण समेत वनले नदिएको बताए । उनले वन र तीनै तहका सरकारको समन्वयको अभाव महसुस गरिरहेको बताउँदै छाडा चौपायाले अव्यवस्थित तरिकाले सडकमा हुँदा दुर्घटना भएकोले गौचरण माग गरिएको बताए । यता पाल्पाको तिनाउ गाउँपालिका अध्यक्ष प्रेम श्रेष्ठले आफ्नो पालिकमा ७७ प्रतिशत बढी वन क्षेत्र रहेको बताउँदै वन्यजन्तुको कारणले स्थानीयलाई निकै समस्या परेको बताए । उनले यसको दीर्घकालीन समाधानको बाटो खोज्नुपर्ने बताए । कार्यक्रममा अब निर्माणको तयारीमा रहेको बुटवल गोरुसिङ्गे सडक निर्माण आयोजनाका प्रमुख होमबहादुर क्षेत्रीले बस्ती र वन क्षेत्र छुट्टाएर सडक निर्माण गरिने उल्लेख गरे । उनले बस्ती क्षेत्रमा ५० मिटर र वन क्षेत्रमा २५ मिटरको हिसाबले सडक निर्माण हुने बताउँदै अहिले ६ स्थानमा वन्यजन्तुको लागि अन्डर पास निर्माण हुने जानकारी दिए ।

यता लुम्बिनी प्रदेश वन निर्देशनालयका वन निर्देशक दधि कँडेलले देशमा बनेका हरेक कानुनले फरक-फरक व्याख्या गर्दा काम गर्न असहज भइरहेको बताए । कार्यक्रममा सैनामैना नगरपालिकाका अधिकृत केशवराज अर्यालले पालिकाले कार्यविधि बनाएको बताउँदै अझैं कानुन बन्न नसकेको बताए । उनले सङ्घीय कार्यविधिलाई टेकेर कार्यविधि बनाएको जनाए । प्रदेश पूर्वाधार प्राधिकरणका इञ्जिनियर शंकर सुबेदीले सबैले कानुन निर्माण गरेर मात्रै ती कानुन कार्यान्वयन नहुने बताए । उनले निर्माणसँगै सम्बन्धित कानुनको बारेमा सोही क्षेत्रका व्यक्तिहरूलाई राखेर जानकारीमूलक छलफल गर्नुपर्ने बताए । कार्यक्रममा डिभिजन वन कार्यालय देउखुरीका वरिष्ठ रेञ्जर चिरञ्जीवी खनाल, सामुदायिक वन उपभोक्ता महासङ्घका केन्द्रीय सदस्य दिननाथ आचार्यलगायतले बोलेका थिए ।

कार्यक्रममा डा. रोशन शेरचनले प्राकृतिक स्रोत संरक्षणमा रेखीय पूर्वाधारका असर तथा असल अभ्यास, चितवन राष्ट्रिय निकुञ्जका दिलबहादुर पुर्जा पुनले वन्यजन्तु मैत्री पूर्वाधार निर्माणको कार्यविधि र स्थानीयस्तरमा यसको महत्त्व र पुरुषोत्तम खतिवडाले स्थानीय कानुन तथा नीतिहरूमा वन्यजन्तु मैत्री पूर्वाधार निर्माणको मूलप्रवाहिकरणको बारेमा प्रस्तुति राखेका थिए ।

## राजस्वले चालु खर्च धान्न हम्मेहम्मे : अर्थमन्त्री




बुटवल । उपप्रधान तथा अर्थमन्त्री विष्णुप्रसाद पौडेलले राजस्वले चालु खर्च धान्न हम्मेहम्मे परेकाले राजस्व ३० प्रतिशत वृद्धि गरे मात्रै अर्थतन्त्र सन्तुलनमा आउन सक्ने बताएका छन् । युवा उद्यमी मञ्च रुपन्देहीले रुपन्देहीमा आयोजना गरेको कार्यक्रममा अर्थमन्त्री पौडेलले सार्वजनिक ऋण वृद्धि भएर २४ खर्ब पुगेकाले देशको अर्थतन्त्र धेरै ठूलो अप्ठेरोमा पुगेको बताए । 'राजस्वले चालु खर्च धान्न हम्मेहम्मे छ, सार्वजनिक ऋण घट्नेभन्दा बढ्ने अवस्था छ, ऋणको पासोमा परेर निस्कन नसक्ने गरी फसेका त छैनौं, तर ऋण लिंदा सेलेक्टिभ हुन जरुरी छ,' अर्थमन्त्री पौडेलले भने-'रेमिट्यान्स, विदेशी मुद्रा सञ्चितीको अवस्था ठीक छन्, तर आन्तरिक समग्र उत्पादन र माग घटेको छ, उद्योगहरुको उत्पादन औसत ४० प्रतिशत मात्रै छ, यसले गर्दा हामी दबाब र चापमा छौं ।'

अहिलेको सरकारले व्यवसायीलाई दुःख नदिने र अमर्यादित व्यवहार नगर्ने तर गैर कानूनी व्यवसायलाई छुट नदिने अर्थमन्त्री पौडेलले स्पष्ट पारे । नेपालमै बसेर उद्यम गर्न सकिने धेरै संभावना भएको दोहोऱ्याउँदै अर्थमन्त्री पौडेलले यस्तो राम्रो संभावना अरु मुलुकमा नभएकाले युवाहरुलाई स्वदेशमै संभावना खोज्न आग्रह गरे । 'विकसित मुलुकहरुमा सीमित क्षेत्रमा काम गर्न सकिन्छ, तर नेपालमा जलविद्युत्, पर्यटक, कृषि र सेवा उद्योग सबै क्षेत्रमा ठूला-ठूला सम्भावना छन्, युवाले देश छाड्ने गल्ती गर्न हुँदैन,' पौडेलले भने-'अहिलेको सरकार नीतिमा स्थिरतासहितको सबैभन्दा बलियो सरकार हो, योभन्दा बलियो सरकार बन्न सक्दैन, त्यसैले सरकारको ध्यान अर्थतन्त्रका समस्या समाधान, उत्पादन र उतपदकत्व वृद्धि, रोजगारी वृद्धिमा, प्राकृतिक स्रोत साधनको उच्चतम प्रयोगमा छ, सरकार र निजी क्षेत्रको लय, उद्देश्य मिलेको छ ।'

उद्योगीका समस्या सुन्न र छलफल गरेर समाधान खोज्न सरकार तयार छ, भन्दै अर्थमन्त्री पौडेलले उद्यमी र सरकारकाबिच निर्णय प्रकृयामा सहकार्य हुने बताए । 'निजी क्षेत्र माग्ने र सरकार दिने होइन, अब निजी क्षेत्रलाई निर्णय प्रकृयामा सहभागी गराउँछौं ।'-पौडेलले भने । अर्थमन्त्री पौडेलले सूचना प्रविधि (आइटी)बाट राम्रो लाभ लिन सकिने र विदेशमा बजार विस्तार गर्न सकिने, वैदेशिक लगानी भित्राउन सकिने संभावना रहेको बताए ।

उनले उद्योगमा लगानी भित्राउन मोतीपुर औद्योगिक क्षेत्र बनाउन लागिएको बताए । युवा उद्यमी मञ्च रुपन्देहीका अध्यक्ष रिसव वझाले सरकारले लगानीमैत्री वातावरण बनाइदिए युवा पलायन रोकिने र उद्योगमा लगानी भित्रिने बताएका थिए ।


Vacancy Announcement!!!
Tilottama Campus Yogikuti announces a vacant post for a computer operator along with necessary skills in IT sector.



Interested candidates have to drop resume in the given address (tilottamacampus2056@gmail.com) by 29th Bhadra081.Fordetails.9857025101.9857073520
TILOTTAMA CAMPUS
ISO 9001:2015 Certified School

दैनिक लुम्बिनीको साप्ताहिक कोशेली
# पाहुर
२०८१ भदौ १५, गते शनिबार
तपाईंका लागि...

### बिट्विन द लाइन्स्...

काँडासँग गुनासो किन ?
फूलहरू,
काँडाहरूकै बीचमा
शालीन मुस्कुराईराछन्  त ।
काँडा,
बिझाउने भए , फूललाई बिझाउँथ्यो !
(र , फूलहरू फुल्दैनथे .....)

– दिलिप ज्ञवाली

संस्मरण

# त्यो फुच्चे लाइब्रेरी

**लक्ष्मण श्रेष्ठ**

बतासको बुई चढेर सम्चार आइपुग्यो- हाम्रो गाउँमा लाइब्रेरी खुल्यो ।

मनसुनी मौसम, चुरेको चुचुरोमा अडिएको हाम्रो गाउँ कुहिरोमा कतै हराइरहेथ्यो । बर्खे बिदा थियो, खेतबारी हुने साथीहरू धान रोप्न गाउँका पहरेदारजस्ता भई दायाँ र बायाँबाट कुदिरहेका गंगा खोला वा शितखोलाका बेसीमा ओर्लिसकेका थिए । त्यो अवसर र दायित्व नपाउने हामी ठिमाहा बजारियाहरू असारको फुसफुसे कुहिरोमा रमाउँदै हराउँदै दिन काटिरहेथ्यौँ । समय चोरी लैजान अहिलेजस्तो मोबाइल फोन आइसकेका थिएनन् । रेडियो नेपालले सधैँ मन परेको गीत वा कार्यक्रम बजाउँदैनथ्यो । 'सुरक्षा फौजको संयुक्त गस्तीमा परि आज ... जना माओवादी आतंककारीको मृत्यु भएको छ' बाट शुरु हुने समाचार कतिपटक सुन्नु ? मनपरेको गीत त टेप रिकर्डरमा क्यासेट राखेर बज्थ्यो तर बिजुली नपुगेको हाम्रो गाउँमा संगीत श्रवण पनि निकै महंगो थियो, दुई जोडी ब्याट्रीमा हिसाब हुन्थ्यो त्यो रहरको ।

तिनै कुहिरोमा लुकिबसेका दिनमा एकाएक घाम झुल्केसरी खबर आयो- दह पिसिओमा लाइब्रेरी खुलेको छ । घरबाट उत्तर पूर्व हिँडेपछि १० मिनेटजतिको दूरीमा थियो, दह । आफ्नै मूल भएको पोखरीको छेउमा एउटा घर थियो, स्थानीय नेताको । त्यही घरको तल्लो तलामा पीसीओ थियो, गाउँका दुईमध्ये एक टेलिफोन बुथ । शनिवार भीड लाग्थ्यो त्यहाँ, आधा शुल्कमा फोन गर्न पाइने भएकाले । अरु दिन पनि चलायमान नै थियो । पीसीओ सञ्चालन गर्न गाउँकै एक युवालाई जिम्मा दिइएको थियो । टेबलमा एउटा फोन । एउटा कुर्सी । एउटा बेञ्च । यत्ति थियो- पीसीओको नाप-नक्सा । र, खबर आयो - त्यो संरचनामा एउटा लाइब्रेरी खुलेको छ ।

किताबहरू जिन्दगीमा आइसकेका थिए । दसैंको मेलामा पाइने कपास मिठाईलेजस्तै स्वाद चखाइसकेका थिए तिनले । परीक्षा दिनुपर्ने आठवटा किताबबाहेक अरु पनि थुप्रै किताब हुन्छन्, यो गुढ रहस्य थाहा भइसकेको थियो । थिएन त केवल किताब पाइने ठाउँ थिएन । अमराई बजारमा तिनै परीक्षा दिनुपर्ने किताब पाइन्थ्यो । सन्धिखर्क बजारमा थिए केही किताब पसल, एउटा आफ्नै मामाको । एउटा उमेश छापाखानाको । एउटा युगज्योती छापाखानाको । तर, मामाघर त चाडपर्वमा मात्रै गइन्थ्यो । फेरि जाँदैपिच्छे किताब किन्नलाई पैसा पनि कहाँ हुन्थ्यो र ?

लाइब्रेरी खुलेको खबर यसरी आयो, मानौं प्यासी यात्रीले धारा भेट्टायो । जिन्दगीमा लाइब्रेरी त्यसअघि पनि आएको थियो । सबैभन्दा पहिला शब्दकोशमा । अंग्रेजी शब्द रट्नुपर्दा त्यो पनि पर्थ्यो । लाइब्रेरी माने पुस्तकालय । पुस्तकालय भनेको किताबहरू पाइने ठाउँ जहाँ सदस्य भए बापत किताब पाइन्छ - कसैले सुनाएको थियो । भन्थे, स्कुलमा पनि लाइब्रेरी छ । तर, कहाँ, कस्तो देखिएको थिएन । हाम्रो निम्ति त स्कुल टिनको छानो भएको एक तले लहर थियो । जहाँ कोठाहरूमा दुई लहरमा पंक्तिबद्ध राखिएका बेञ्च-डेस्कले कालोपाटी हेर्थे । अँ, ल्याब थियो, जहाँ हाफछुट्टीमा पियन दाइले सरहरूका लागि चिया बनाउँथे । कक्षाकोठा र ल्याबबाहेक अर्को एउटै कोठा थियो जहाँ मास्टरहरू कक्षा नहुँदा वा हाफछुट्टीमा बस्थे - अफिस भन्थे त्यसलाई । लाइब्रेरी स्कुलमा थियो, कतै थियो, कहाँ ? हामीलाई थाहा थिएन ।

लाइब्रेरी एक शब्द थियो । तस्वीर थिएन । अनुमान थिएन । सपना थिएन । रहर थिएन । बस् एक शब्द थियो जसको हिज्जे र माने कण्ठ पार्नुपर्थ्यो । तर, त्यो त विगत भइसकेको थियो । लाइब्रेरी हाम्रै गाउँमा खुलिसकेको थियो । टाढा पनि होइन । त्यहीँ दहको पिसिओमा ।

खबर घरको आँगनमा पहिला पुग्यो वा हामीले पहिले आँगन छोड्यौं - आजसम्म नसुल्झेको रहस्यमध्ये यो पनि एक हो ।

पीसीओमा एउटा स्टीलको दराज उभिएको थियो । पीसीओ चलाउने दाईको कुर्सी पछाडि, एउटा कुना ओगटेर । सिरानमा कुनै संस्थाको नाम थियो, सेतो इनामेलले लेखिएको । त्यही संस्थाले दान दिएको थियो, लाइब्रेरी ।

लाइब्रेरी माने पुस्तकालय माने एक दराज किताब । हाम्रो शब्दभण्डारको एउटा शब्दको ज्यानमा आत्मा भरियो । र, त्यो ज्यूँदोजाग्दो शब्द किताबको पेटारी बनेर खुल्यो ।

'१० रूप्पेले एकजना सदस्य बन्न पाइन्छ, एकजना सदस्यले एकपटकमा दुईवटा किताब लैजाने, एक हप्तामा फर्काउने'- पीसीओ दाईले नियम सुनाए । लाइब्रेरी सञ्चालन गर्ने दक्ष मानिसलाई लाइब्रेरियन भनिन्छ - यो त शब्द पनि थाहा थिएन । पीसीओ दाई नै लाइब्रेरियन भए । उनैसँग थियो, त्यो दराजको साँचो । उनैले राख्थे, किताबको बहीखाता । ल्याउने लैजानेको नाम । तीनवटा नाम थिए त्यसमा, हामी तीनभाइको ।

पुस्तकालयमा सदस्य बढेनन् । बेसै भयो । ल्याउन पाइने किताबको संख्या सिमित भएन । राख्न पाइने म्यादको कुरै भएन । हरेक पुस्तक म्याद अगावै पुगे । हरेक शुक्रबार स्कुलबाट फर्केपछि, पँधेरामा गएर नुवाइधुवाई सकेपछि, हतार हुन्थ्यो लाइब्रेरी पुग्न । हतार हुन्थ्यो किताब बोकेर घर दौडिन । हतार हुन्थ्यो माथिल्लो तलामा खाटमा पल्टेर किताब सक्न । शनिवार त गुप्तवासमै हराउँथ्यो । होइन-होइन शनिवार त नयाँ-नयाँ संसारको ढोका खुल्थ्यो ।

हरेक किताबसँग आफ्नै आयतनको संसार थियो । आफ्नै छाँटबाँटको संसार । कुनैमा बामपुड्केको देश थियो, कुनैमा थियो सौरमण्डलको परिवेश । कुनैमा ९० सालको भूकम्प थियो, कुनैमा स्याउ टोक्दा नाक बढ्ने गाउँ । अक्षर चिनेका केटाकेटी र प्रौढ शिक्षा पढेका वयस्कलाई किताबको रस बसाउन खोलिएको थियो क्यारे त्यो लाइब्रेरी, अधिकांश किताब दन्त्यकथा र बालकथाका थिए । सबैजसो नेपाली भाषाका । केटाकेटीका लागि इन्साइक्लोपेडिया हुन्छन् । सरल भाषामा वर्णन गरिएका कालजयी पुस्तकहरूको संक्षेपीकरण हुन्छ । यी महान् रहस्य धेरैपछि थाहा भयो । तर, ती किताब पनि कम्ता महान् थिएनन् ।

तिनैले त हो, किताब अक्षर छापिएका कागजमात्र होइनन् नयाँ संसारको ढोका पनि हुन् भनेर बताएका । तिनै किताबले त हो भनेको, शब्द र वाक्यका पनि बोल्ने मुख र सुन्ने कान हुन्छन् । तिनै सुकेनास लागेजस्ता ख्याउटे किताबले त हो सुटुक्क सुनाएको- शक्ति आकारमा होइन विचारमा हुन्छ ।

जिन्दगीको त्यो प्रहरमा त्यो लाइब्रेरी नखुलेको भए ? - कहिलेकाहीँ सोचिबस्छु फुर्सदमा । सायद, किताबसँगको संगत त हराउँदैनथ्यो तर लाइब्रेरी केवल शब्द बन्थ्यो । हरेक शहरमा पुग्दा पुस्तकालय पस्ने बानी बस्दैनथ्यो । अनि पुस्तक पसलमा झट्ट नपाइने, चर्चामा खासै नआउने किताबहरू कुनै कुनामा मलाई पर्खिबस्थे- तीसँग भेटै हुँदैनथ्यो ।

एसएलसी दिएपछि, बुटवल बजार ओर्लेपछि, महावीर, ज्ञानज्योती, नवजागृती, शहीद गंगालाल पुस्तकालयको वास्तविक रूप थाहा भयो । तर, त्यहाँसम्मको ढोका त त्यही एक दराज लाइब्रेरीले खोलेको थियो ।

जीवन यात्राका उकाली ओरालीमा पुस्तकालयहरू आफैँ हराउने चौतारी बने । घर पुस्तकालयजस्तो र पुस्तकालय घरजस्तो बन्दै गयो । तर, किताबसँग मोहनी लगाइदिने त्यो फुच्चे लाइब्रेरी मसँगै छ, बाल्यकालीन स्मृतिको सुमधुर पल बनेर । विडम्बना, त्यो लाइब्रेरी षड्यन्त्रपूर्ण तरिकाले बन्द भयो । त्यहाँका किताब थाहा छैन कहाँ गायब भए ! र, रित्तो दराजको कथा लेखिन बाँकी छ ।

नष्टाल्जिया

# फेसबुकमा भेटिएका प्रिय यादहरू






**अस्मिता अञ्जान**

दिन कति छिटो बित्छन् । समय कति छिटो बित्छ । कुनै दिन स्कुलको चौरमा जम्मा भएर रमाइलो गर्ने साथीहरू आज भेट्न पनि समय नमिल्ने भएको छ । हिजोसँगै लडिबुडी गर्ने, धुलोमा सँगै खेल्ने साथीहरू कहाँ कहाँ पुगेका छन् । त्यो बेला केही भेदभाव, फरकपना थिएन । आज कोही धनी भएका छन् । स्तरमा ठूलो सानो भनिन थालेको छ । त्यतिबेला त सबै बराबर । दुःख बराबर, सुख बराबर । आँसु पनि साट्ने, हाँसो पनि साट्ने । स्कुल जाँदाजाँदै सल्लाह गर्थ्यौं– आज नास्ताको पैसा तैले दे है, भोली मैले दिम्ला । तर, आज भने कोही कस्तो रूपमा, कोही कस्तो रूपमा ।

साँच्ची मान्छे ठूलो हुँदै जाँदा उ आफ्नाहरूबाट टाढिदै जाँदो रैछ है । त्यसो भए हामी किन ठूलो भयौं होला । दिन त ती स्कुले नै जाती थिए । चिन्ता भनेकै पढ्ने हुन्थ्यो । हामीलाई त पढ्नको मात्रै चिन्ता हो र घर फर्केर कहाँ घाँस काट्न जाने होला भन्ने हुन्थ्यो । तर, त्यो चिन्ता एकैछिनलाई थियो । साथीसँगै भएपछि भने हामी सबै बिर्सिदिन्थ्यौं ।

"फेरि त्यो दिन सम्झन चाहन्छु,
त्यहीं कथा म दोहोऱ्याउन चाहन्छु..."

सुगम पोखरेलको गीत गुन्गुनाइरहन्छु । फेरि ती दिन दोहोऱ्याउन चाहन्छु । ती दिन सम्झन चाहन्छु । ती मेरो सम्पूर्ण प्यारा साथीहरूलाई भेट्न चाहन्छु । अझैँ पनि मेरो आँखामा ती दिन र ती साथीहरूको अनुहार झल्झली आइरहन्छ ।

आखिर यादै यादको संग्रहालय त रहेछ जिन्दगी !

साँच्चै अनौठो भयो । क्या रमाइलो भयो । जिन्दगीको मैदानमा कता कता उछिट्टिएका हामीलाई फेरि फेसबुकले भेट्टाइदियो । धेरै धेरै धन्यवाद फेसबुक ।

यति डरलाग्दो कोरोनाको महामारीमा पनि हामी सबै साथीहरू सञ्चै भएको खबर पाएँ । फेसबुक म्यासेन्जरमा धेरैजनासँग बोल्न पाएँ । ग्रुप बनाएर कुराकानी गर्न पाएँ । विश्वास छ, कुनै दिन हामी अवश्य भेटिनेछौं ।

सधैं यो मनले सम्झिरहन्थ्यो । मेरा साथीहरू कस्ता भए होलान् । यो साथी कस्तो भयो होला, उफ कस्तो भयो होला । फेसबुकले हामी सबैलाई फेरि जोडिदियो । त्यसपछि म बालापनको दिनहरूको सम्झनामा हराउन थालें । स्कुलको चौरमा चुङ्गी खेलेको याद आयो । नयाँ वर्षमा एक रुपैयाँमा पोष्टकार्ड किनेर साथीहरूलाई दिएको याद आयो । कसैले कसैलाई मन पराएर सुटुक्क चिठ्ठी पठाएको र डराएको याद आयो । म मुसुक्क मुस्काए । अनि ती दिनको यादले आँखा रसाएँ । बर्र तातो आँसु खसे । यादले पोल्दो रहेछ ।

ती स्कुले दिनहरू यत्ति रमाइला भएकैले होला हामीबाट छुट्टिन गाह्रो भएर हामीलाई नभनी सुटुक्क हराएका । साँच्ची कहिले कहाँबाट कता लागेका थिए ती दिनहरू ? त्यो समय ? जिन्दगी यसो पछाडि फर्केर हेर्छु मेसो नै पाउँदिन कतिबेला हामीबाट छुट्टिएको थियो त्यो समय ? अनि हामी कहिले, कहाँ, कताबाट कता उछिट्टियौं ? के मान्छे समयको मैदानमा यताबाट उता, उताबाट झनै उता कता कता बरालिन विवश छ ?

आज त कता कता व्यस्त भएका छौं हामी । यसो कहि कतै साथीहरूलाई देखियो र लौ न एक दिन भेटम न भन्यो अनि फेरि कता कस्को समय मिल्दैन, को कता व्यस्त हुन्छ । किन यस्तो हुन्छ ? केही थाहै पाउँदिन म । कुनै बेला यति मिल्ने साथी, एकजना स्कुल नगए अर्को पनि नजाने साथी आज भेट्न, बोल्न पनि मुस्किल भएको छ । त्यतिबेला त हामीलाई यसरी छुटिन्छौ भन्ने त लाग्दैनथ्यो । हामीले छुट्ट्टिने सल्लाह त कहिले पनि गरेनौं ।

आज त हामी जिन्दगीका अनेक भारीहरू थिचिएछौं । कोही साथीको स्कुल पढ्दै गर्दा बिहे भयो । किशोरावस्थामै बिहे भएपछि घरपरिवार सम्हाल्दा, बच्चा जन्माएर स्याहार्दा आफ्नो किशोरीकाल कता हराएछ, हराएछ । आज त गुनासो मात्र बाँकी छ । केही साथीहरूको कुरा सुन्दा मनै खिन्न लाग्यो । कोही साथीको भने राम्रै प्रगति भएछ । कोही जागिर खाएछन् । कोही व्यवसाय गरेर कमाउन थालेछन् ।

फेसबुकले भेटाएपछि मलाई खुसी महसुस भयो । फेरि ती दिन सम्झेर भावुक पनि भए । साँच्चै कति साथीलाई त चिन्न पनि सकेन । हाम्रो बोली, व्यवहार सबै सबै फेरिएछ । स्कुल पढ्दाकी सोझी केटी म बोलेको, हाँसेको देखेर अरु साथी त छक्कै परेछन् । अनि आफ्नै साथी चिन्न नसक्दा भने आफूलाई एक्लो भए जस्तो लाग्यो । खिन्न भए म । म जस्तै कक्षामा चुपचाप बस्ने कोही साथी फरासिला देखिए, अनि कोही कक्षामा हाँसीराख्ने निराश भेटिए । जिन्दगी त कस्तो उकाली ओराली हुँदोरहेछ । उतारचढाव हुँदोरहेछ ।

आज फेसबुकले हामीलाई जुरायो । कुराकानी गरायो । विश्वास छ एकदिन हामी सबै एकै ठाउँमा जुट्नेछौं अनि मनका उकुसमुकुस पोख्नेछौं । यादका कुटुराहरू खोल्नेछौं । आखिर सम्झना त रहेछ जिन्दगी...

"सम्झना बिर्सना सलल
झन् झन् बढ्यो तिर्सना सलल..."

कविता

# बेला बेलामा म आइरहने छु



**पदमबहादुर कार्की**

बलिन्द्र आँसुका ढिक्काहरूले
तिम्रो त्यो दिव्य चेहराको
यो मधुर प्रतिलिपि पखालेर
मलिन ओठमा कृतिम हाँसोले
झन्झनाहट दन्त लहर देखाएर
टिलविल टिलविल परेलीहरू
पुछपाछ गरेर आँसु लुकाइ
माइती ममत्वको बाँ फुकाएर
मलाई नै पर्खि बसेका तिम्रा ति
आँगन, दलान, मझेरी, संघार हुँदै
मूलढोका, जस्केला, कठवार समाउँदै
तिम्रो मूल ओछ्यानमा यो देह पसारेर
समयले खुजमुजाएको तिम्रो
चाउरिएको चेहरा चुमेर
मलाई उमार्ने त्यो वृद्ध बदन
जतनले सुस्तरी सुमसुमाएर
एक ढकुली मनको पाहुर
तिम्रो फाँदमा चढाएर
मेरा लागि तिम्रा मनका कुरा
तिम्रा लागि मेरा मनका कुरा
सुन्ने र सुनाउने उत्कट चाहाना
अनि हौसलाको कोसेली भरेर
मन हलुङ्गो बनाइ फर्खिने
मेरो अभिष्ट थियो ।
तर भिषण बाढी पहिरो चलिरहेकाले
मेरो यात्रा यसपाली अवरुद्ध हुने भयो
तथापी
इतिहासले बनाएका चाडपर्वहरू
यदि सौभाग्यका उत्सवहरू हुन भने
सधैँका लागि रोकिने छैनन्
यि मेरा पाउहरू
छेकिने छैनन् भेल पहिरोले
सारा बाटाघाटा गोरेटाहरू
आमा ननिराशिनु नगुनास्सिनु
म अर्को तीजमा अवश्य आउनेछु
अब, अर्को तीजमा मात्र होइन
म बेला बेला आइरहनेछु
माइती भन्नुस् या मेरो जन्म घर
म बेला बेला आइरहने छु
भए भरिका चाड पर्वहरूमा
म बेलाबेलामा आइरहने छु ।

दैनिक लुम्बिनी

रु.जि.हु.द.न.१३/०६३/०६४

सन्दर्भ: १७औं पुस्तकालय दिवस्

# दाङका तीन पुस्तकालयको संक्षिप्त इतिहास

**सुदीप गौतम**

दाङमा पुस्तकालयको सुरुआत वि.सं. २००० पछि नै भयो भन्न सकिन्छ। त्यतिबेला दाङमा शिक्षाको लागि औपचारिक विद्यालयहरू खुली नसकेकोले सम्पन्न वर्गका मानिसहरू काठमाडौं र बनारस गएर उच्च शिक्षा हासिल गर्ने चलन थियो । उनै बाहिर पढ्न जाने विद्यार्थीहरूले आ-आफ्नो घरमा केही पुस्तकहरू संकलन गरेर निजी पुस्तकालय तयार गरेका थिए। दाङका पहिलो काव्इकार एवं तीन विषयमा आचार्य गरेका हापुरका शालिकराम गौतमले विसं. २००० तिर विभिन्न पुस्तक राखी आफ्नो पुस्तकालय तयार गर्नुभएको थियो। त्यसैगरी नेपाली छात्र संघका संस्थापक सदस्य भरतमणि शर्माले घनिवगियामा करिव २५० थान पुस्तक संकलन गर्नुभएको थियो। त्यसैगरी खगराज लोहनीले आफूले ३०० पुस्तक सर्वोदयलाई दिएको उल्लेख गरेबाट उहाँसँग पनि घरमा व्यक्तिगत पुस्तकालय थियो भन्न सकिन्छ । समग्रमा के भन्न सकिन्छ भने त्यतिबेला अध्ययनशील व्यक्तित्वहरूमा व्यक्तिगत पुस्तकालय राख्ने चलन २००७ साल अगाडिबाटै सुरु भएको थियो।

**त्रिभुवन मोहन पुस्तकालय**

यो पुस्तकालय दाङमा खुलेको पहिलो संस्थागत पुस्तकालय हो । तर यसको औपचारिक सुरुआत कहिले भयो यकिन हुन सकेको छैन । मोहन शमशेरसँग जोडिएको हुनाले त्यो पुस्तकालय २००५ साल बैशाख ५ गतेदेखि २००७ साल फागुन ७ गतेकै बीचमा खुलेको अनुमान गर्न सकिन्छ। डा. राजेश गौतमले आफ्नो पुस्तक "राणकालीन प्रशासनिक शैक्षिक तथा सामाजिक सुधारहरू'मा त २००५ सालमा दाङमा त्रिभुवन मोहन पुस्तकालय स्थापना भएको लेखेका छन्। २००९ सालमा प्रकाशित एक पुस्तकमा २००३ सालमा गोप्यरूपमा स्थापित नवयुवक संघ नामक संस्थाले एउटा विद्यालय र त्यसको नजिकै पुस्तकालय खोलेको उल्लेख गरिएको छ। २००८ सालमा गणेशमानसँग दाङ आएका पत्रकार रामहरि जोशीले आफ्नो दैनिकी लेख्ने क्रममा २००८ साल साउन १७ गते घोराहीमा एउटा स्कुल र एउटा पुस्तकालय रहेको उल्लेख गरेका छन् । त्यसैगरी २००८ साल साउन १९ गते त्यषे पुस्तकालयमा राहुल सांकृत्यायनको यात्रा वर्णन र गोपालप्रसाद रिमालको मसान नाटक पढेको लेखेका छन् । पद्‍मोदय पब्लिक माध्यमिक विद्यालयका तत्कालीन विद्यार्थी द्रोण रजौरेले त्रिभुवन मोहन पुस्तकालय रोगन कोठीको माथिल्लो तलामा रहेको उल्लेख गर्नु भएको छ। त्यहाँ एउटा र्‍याकमा पुस्तकहरू थिए।

पुस्तकालयका संचालक टेकनप्रसाद शर्मा थिए। त्यो समयमा त्यति पढ्ने रुचि भएका व्यक्ति हुँदैनथे । रुचि राख्नेजतिलाई त्यहीं पुस्तकालयले सेवा पुर्‍याएको थियो।

त्रिभुवन मोहन पुस्तकालय र पद्‍मोदय पब्लिक विद्यालय सँगसँगै खुलेको नभइ करीब एक वर्षको फरकमा खुलेका थिए । २००४ साल जेठ शुक्ल प्रतिवदा गंगादशहरण (२००४ साल जेठ ८ गते) हाल घोराहीको ट्राफिक चौकको उत्तरतर्फ फुसका छाप्रा बनाइ विद्यालय संचालन गरिएको थियो। त्यो बेला पुस्तकालय स्थापना गरिएको थिएन। यदि त्यसबेला पुस्तकालय स्थापना गरिएको भए मोहन शमशेरको नाम जोडिने थिएन । २००५ साल जेठ शुक्ल प्रतिवदा गंगादशहरा (२००५ साल जेठ २६गते) विद्यालयको वार्षिक उत्सव मनाउँदा पेट्रोलमेक्स पड्किएर आगो लाग्दा ती छाप्राहरू जले।

करिब पाँच महिनापछि कार्त्तिक महिनाबाट रु.११ हजारमा रोवरसिंह थापा र गजसिंह थापाको रोगनकोठी खरिद गरेर विद्यालय त्यहीं संचालन गरियो र त्यहींको माथिल्लो तलामा पुस्तकालय स्थापना पनि भयो । र मोहन शमशेर सत्तामा आइसकेको हुनाले त्यो पुस्तकालयको नाम त्रिभुवन मोहन पुस्तकालय राखियो। नयाँ भवन तयार भएर पद्‍मोदय स्कुल भरतपुरमा सरेपछि रोगनकोठीको पुस्तकालय पनि भरतपुर नै गयो । त्रिभुवन मोहन पुस्तकालयको छाप लागेका पुस्तकहरू घोराहीको पद्‍मोदय पब्लिक माध्यमिक विद्यालयका लाइब्रेरीमा पाइएबाट त्यो पुस्तकालय पद्‍मोदयमै समाहित भयो भन्न सकिन्छ । लामो समयसम्म त्यो पुस्तकालय "त्रिभुवन मोहन पुस्तकालय"कै नामबाट संचालनमा आएको भए पनि २०४८ सालबाट यसलाई "बिपी पुस्तकालय"मा परिणत गरियो।

**जनता पुस्तकालय बिजौरी**

यो पुस्तकालय दाङमा खुलेको दोस्रो संस्थागत पुस्तकालय हो। वि.सं. २००७ सालको क्रान्तिपश्चात् दाङ जनसरकारको सक्रियतामा त्यहाँका जनताले पहिले संचालन भइरहेको भाषा पाठशालालाई समयाकूल परिवर्तन गरेर जनता विद्यालय सञ्चालनमा ल्याए । २००८ साल बैशाख १६ गते हालको सुदय रामेश्वर शिवालयको पूर्वतर्फ रुखमुनि खेतमा यस विद्यालयको उद्घाटन पं. टेकनाथ गौतमले गर्नुभयो । (जो त्यतिबेला दाङ जनसरकारको गृह मन्त्री हुनुहुन्थ्यो) र सँगसँगै जनता पुस्तकालय पनि स्थापना भयो। स्कुल संचालकहरू सचिव डिल्लीराज शर्मा, मोहनप्रसाद मजगैयाँ, अम्मवरराज शर्मा, रामेश्वर शर्मा, टेकनाथ गौतम आदि नै यस पुस्तकालयका सञ्चालक बने । यस पुस्तकालयको छुट्टै भवनको अस्तित्व भने पाइँदैन। त्यसैले जहँ जनता विद्यालय सञ्चालन भयो त्यहींबाटै यो पुस्तकालय संचालनमा आइरह्यो । जनता विद्यालय, जनता महाविद्यालय जनता क्याम्पस, जनता विद्यापिठ बन्दै गर्दा समेत जनता पुस्तकालय कुनै न कुनै रूपमा अस्तित्वमा रहेको पाइन्छ। तर २०२८ सालदेखि नयाँ शिक्षा पद्धति शुरु भए पछि जनता क्याम्पस र जनता संस्कृत मावि अलग अलग भएपछि जनता पुस्तकालय अलपत्र पर्‍यो। जनता क्याम्पसले जनता क्याम्पस पुस्तकालय र माविले जस मावि पुस्तकालय भनेर संचालन गरे। सोही वर्ष वेलभुण्डीमा स्थापना भएको त्रिभुवन विश्वविद्यालय संस्कृत डीन कार्यालयले समेत आफ्नो छुट्टै पुस्तकालय सञ्चालनमा ल्यायो। जनता पुस्तकालयको अस्तित्व मेटियो। जनता पुस्तकालयले प्रारम्भिक समयमा विजौरी ठूलो सेवा पुर्‍याएको थियो।

**सर्वोदय पुस्तकालय, घोराही**

त्रिभुवन मोहन पुस्तकालय स्थापना गरेका तत्कालीन बौद्धिक व्यक्तित्वहरूको ज्ञानको प्रसार गर्ने लालसा मरेको थिएन। त्यसैले त्यो समुदायले घोराहीमा अर्को पुस्तकालयको स्थापना गर्‍यो जसको नाम सर्वोदय पुस्तकालय राखियो । सर्वोदय पुस्तकालयको पनि स्थापनाको आधिकारिक मिति भेटिने प्रमाण फेला परेका छैनन्। तत्कालीन सामाजिक व्यक्तित्व खगराज लोहनीको अभिव्यक्ति आधारमा यो पुस्तकालय २०१० साल बैशाख १२ गते स्थापना भएको मानिएको छ । त्यसबेलाका भरतपुर स्कुलमा पढ्ने जेहेन्दार विद्यार्थी शिक्षा एवं साहित्यिक क्षेत्रको उन्नतिमा लागेका व्यक्तिहरूको प्रयासमा गणेश मन्दिरको चोकमा धुमबहादुर श्रेष्ठको घर अगाडि खटियामा पुस्तक राखेर यो पुस्तकालय सञ्चालन गरेका थिए । यसपश्चात् यस पुस्तकालयको लागि स्थायी स्थानको खोजी गर्दै जाँदा हालको रफ्नेना जाने बाटोनिरको पिपलको बोटमुनि यस पुस्तकालयको लागि भवन निर्माणको प्रयास भएको थियो, तर त्यो प्रयास बीचैमा रोकिएपछि वि.सं.२०११ साल वैशाख १ गते हाल पुस्तकालय रहेको स्थानमा घरको जग भाट्ने काम भएको पाइएको छ। २०१८ सालमा घोराही पञ्चायत गठन भएपछि मात्र २०१८ सालदेखि भवन निर्माणका लागि कार्य भए गरेका कागजातहरू प्राप्त भएबाट यो पुस्तकालयको भवन २०१८ सालमा बन्न सुरु भइ २०२१ सालसम्ममा सम्पन्न भएको देखिन्छ। घोराही उपमहानगरपालिका वडा नं. १५ (साविक घोराही पञ्चायत वडा नं. ४) कि.नं. १२७ जग्गा विघाहा ०-०-१५.५ (साढे १५ धुर) जमिन पुस्तकालयकै नाममा लिइ भवन बनाउन सुरु गरिएको थियो । जुन जमिन व्यक्तिगतरूपमा दाता टेकनाथ गौतमले उपलब्ध गराउनु भएको थियो। नागरिकस्तरबाट स्थापना भएको पुस्तकालय भए पनि तत्कालीन घोराही पञ्चायत गठनसँगै पञ्चायतले यसमा रुचि लिएको थियो। तत्कालीन घोराही पञ्चायत प्रधानपञ्च पदमप्रसाद शर्माको सक्रियतामा विकास फण्डबाट आएको १४५५ रुपियाँ ३० पैसा र तात्कालीन पुस्तकालयका सेक्रेटरी एकराज शर्माको नेतृत्वमा पुस्तकालयको भवन निर्माणका लागि स्थानीय विद्यार्थी एवं कलाप्रेमीको सक्रियतामा २०२० साल मंसिर ४ र ५ गते एक सांस्कृतिक कार्यक्रम समेत आयोजना गरी १२४८ रुपियाँ ५५ पैसा र अन्य चन्दा सहयोग संकलन भइ कुल ३११७ रुपियाँ ७० पैसाबाट भवन निर्माण सम्पन्न भएको देखिन्छ। भवन निर्माण कार्य सम्पन्न भएपछि पनि २०२४ सालमा तत्कालीन जिल्ला पञ्चायतको सहयोग कायम थियो। पुस्तकालयलाई वि.सं.२०२४ साल जेठ १२ गते तत्कालीन जिल्ला पञ्चायत सभापति शेरबहादुर थापाको अध्यक्षतामा बसेको बैठकले रु ५०० दिने निर्णय गरेको थियो। यसरी सञ्चालन भएको पुस्तकालय विद्यार्थीहरूको आपसी झगडाको शिकार पनि बन्न पुग्यो। २०२६ साल जेठ १३ गते राति पुस्तकालयमा चोरी समेत भयो । पछि पुस्तकहरू भेटिए पनि पुस्तकालय भने यही अवस्थामा सञ्चालन हुन नसक्दा तत्कालीन जिल्ला पञ्चायतले पुस्तकालय संचालनको जिम्मा लिएको भेटिन्छ।

(सर्वोदय पुस्तकालय तथा वाचनालयको प्रकाशन 'सर्वोदय अंक १, २०७९ बैशाख'मा प्रकाशित लेख 'दाङ देउखुरीका पुस्तकालयहरू र सर्वोदय पुस्तकालयको इतिहास'को अंश सामान्य सम्पादन सहित साभार गरिएको छ।)

# महावीर पुस्तकालयको संक्षिप्त इतिहास

**देवेन्द्रराज शाक्य**

ज्ञानको ज्योति फैलाउने एवं जनसाधारणलाई विद्याको महत्त्व सम्झाउने, पढ्नमा रुचि दिलाउने र विद्याको प्रचार गर्ने उद्देश्यका साथ वि.सं. २००४ साल आषाढ महिनाको १५ गतेका दिन स्थानीय जागरुक एवं उत्साही युवाहरूको पहलमा पद्‍म चैत्य बिहार, बुटवलमा महावीर पुस्तकालयको स्थापना गरिएको थियो।

प्रमुख व्यापारिक नाकाको रूपमा रहेको बुटवल नगरमा पहाडतिरबाट आफ्नो उत्पादन घ्यू, सोठीं, तेजपात, दालचिनीका अतिरिक्त अन्य जडिबुटी ल्याइ बिक्री गरी त्यसबाट भएको आम्दानीबाट वर्षभरीका लागि आवश्यक खाद्यान्न, लत्ता कपडा, नून, मट्टितेल लगायत गरगहना समेत खरिद गरी लैजान्थे।

तराई फाँटबाट धान, चामल, गहुँ, दाल तथा अन्य सरसामानहरू त्यसबेलाको यातायातको प्रमुख साधनको रूपमा रहेको गोरु गाडाबाट तथा टट्टु घोडाको पिँठमा लादेर ल्याउने गरिन्थ्यो। बुटवलमा भित्रिने गोरु गाडाबाट गाडीपिच्छे जो जसले जस्तो तायदातमा बेच्न ल्याएको छ, सोही अनुसार कम्तीमा पाँच मुठी वा यथोचित रीतिले राजी खुसी उठाई लिने गरिन्थ्यो भने टट्टु घोडावालबाट कर दुई पैसा उठाउने गरिन्थ्यो। साथै प्रत्येक दुकानबाट पनि यस्तै प्रकारले यथोयोग्य चामल संकलन गरिन्थ्यो । यस प्रकारको संकलन गर्ने क्रियालाई धर्मादा महाबीर भनिन्थ्यो । यसरी महाबीरीबाट उठाइएको सहयोगबाट पुस्तकालय स्थापना गरिएकोले यसको नाम महावीर पुस्तकालय राखिएको हो।

वि.सं. २००४ साल मार्ग २९ गते नगरका गन्यमान्य महानुभाव एवं बुद्धिजीवीहरूको एक बृहत् भेला आयोजना गरियो। उक्त भेलाले निम्न महानुभावहरू रहनुभएको सञ्चालक समिति गठन भयो । अध्यक्ष सत्यलाल, सेक्रेटरी जोगलाल, उपसेक्रेटरी ओम शङ्कर श्रेष्ठ, कोषाध्यक्ष हिक्मतप्रसाद श्रेष्ठ, उपकोषाध्यक्ष हरिप्रसाद भाइ, निर्देशक कं.चिरन्जीवी लाल जोशी, सहायकहरूमा लोकबहादुर, हरि भगत, सूर्यनारायण शर्मा, जीवबहादुर, हरिप्रसाद श्रेष्ठ, हेमनारायण, विष्णुमान, बै.कृष्णबहादुर र मुन्नीलाल चुनिनुभयो । पुस्तकालयको सञ्चालक समितिहरू 'काँग्रेस' हो भनी धाँधली मच्चाई सञ्चालक समितिका दुईजना प्रमुख व्यक्तिहरू स्व. श्री सत्यलाल र श्री ओमशङ्करलाई भैरहवाका बडाहाकिम लक्ष्मीनाथको आदेशमा पक्राउ गरी ९/१० महिना भैरहवा जेलमा नजरबन्द गरियो। जसको कारण पुस्तकालय एक वर्षसम्म बन्द रहन गयो भन्ने कुरा पुस्तकालय सञ्चालक समितिका तर्फबाट श्री हरिप्रसादले माननीय अर्थमन्त्रीज्यूलाई मिति २००८ मार्गमा पठाउनु भएको पत्रबाट जानकारी हुन्छ। महावीर पुस्तकालयको जिउँदो इतिहासको रूपमा चिनिनु हुने श्री ओमशङ्कर श्रेष्ठज्यूका अनुसार श्री सत्यलाल र उहाँलाई २००६साल जेष्ठ महिनमा नजरबन्द राखिएको थियो।

वि.सं. २००४ सालमा गठन भएका सञ्चालक समितिको कार्यकाल समाप्त भएपछि वि.सं. २००७ माघ २८ गते शनिवार पद्म चैत्य बिहार (बुद्ध विहार) मा बसेको सभाले सत्यलालकों सभापतित्वमा निम्न सदस्यहरू रहेको सञ्चालक समिति चयन गर्‍यो, सदस्यहरूमा ओमशङ्कर, कं.चिरन्जीवीलाल जोशी, हिक्मतप्रसाद, बुद्धराज, मुन्नीलाल, बद्रीलाल, हरिभक्त बुद्धिमान, प्रकाश तुलाचन, स्यूपुजन प्रसाद, जानकीनन्दन सिंह, कान्छा हरिप्रसाद, परिक्षित प्रसाद र चन्द्र प्रसाद रहनु भयो। (कार्य विभाजन नदेखिएको) पुस्तकालयको सम्बर्द्धन एवं विकासका लागि स्थानीय जागरुक युवाहरूको त्याग सदा स्मरणीय रहिरहने छ। साथै पुस्तकालयको उन्नतिको लागि तत्कालीन युवा महिलाहरूको योगदान पनि कम महत्वको छैन, यस सम्बन्धमा कु. कुसुमकुमारी, देवकुमारी तुलाधर (पछि भिक्षुणी भई देवाचारी गुरुमाको नामले परिचित) कु. रेशमकुमारी नानीमैया, हर्षशोभा तुलाधर, पूर्णलक्ष्मी, इरा थैव, गीता थान्जु, ज्ञानुमैया जोशी, सरस्वती श्रेष्ठ आदिको नाम अग्रणीरूपमा लिन सकिन्छ। भवनको अभावमा आफ्नै घरमा पुस्तकालय सारी यसको संरक्षण गर्न सहयोग गर्ने स्व. गणेशप्रसाद सुवाल लगायत तत्कालीन युवाहरूको स्मरण गर्नु हाम्रो कर्तव्य हो । पुस्तकालयाध्यक्षको अभावमा पुस्तकालय दैनिक रूपमा सञ्चालन गर्न कठिनाइ भएकोले मिति २००८ मङ्सीर २ गते शनिबार बसेको सञ्चालक समितिको बैठकले सञ्चालक समितिकै सदस्य श्री बुद्धिमानजीलाई मासिक रु ३०।- तलब प्रदान गर्ने गरी वैतनिक पुस्तकालयाध्यक्ष नियुक्ति गरियो । उहाँले उक्त मितिदेखी प्रथम पुस्तकालयाध्यक्षको रूपमा काम शुरु गर्नुभयो। व्यवस्थित रूपमा सञ्चालन गर्न विधानको आवश्यकता महशुस गरी २००८ साल पुष १६ गते आइतबार बसेको सञ्चालक समितिको बैठकले श्री हिक्मतप्रसाद श्रेष्ठ, श्री बाबुलाल, श्री मुन्निलाल, श्री ओमशङ्कर र कु. कुसुम कुमारीलाई नियम र विधान बनाउने जिम्मा दिइयो र २००८ साल पौष १९ गते बृहस्पतीबारमा बसेको बैठकले उपर्युक्त सदस्यहरूले प्रस्तुत गरेको नियम र विधान स्वीकृत गर्‍यो। विधान बनाउन श्री सूर्यलालले पनि सहयोग पुयाउनु भएको थियो।

प्रजातन्त्रप्राप्ति पश्चात् तत्कालीन राजा स्व. श्री ५ त्रिभुवन देश भ्रमणको सिलसिलामा बुटवल नगरमा पनि सवारी हुने समाचारले पुस्तकालयका सञ्चालकहरूलाई पनि उत्साह जगायो। तत्कालीन राजा त्रिभुवनको सवारी २००९ साल फागुन महिनामा हुने भनिएकोमा पत्थरगन्जमा निर्मित हवाई ग्राउण्डमा केही प्राविधिक त्रुटिका कारण सवारी हुन सकेन। खनियाबास निवासी श्री मोतीकुमार श्रेष्ठले नुवाकोट जाने बाटोदेखि पश्चिम, गुहेखोलादेखि पूर्व, बुटवलदेखि माथि इमलीको बोटदेखी उत्तर र द्यौरालीदेखि दक्षिण यति चार किल्लाभित्रको जग्गामा नुवाकोट बाटो आउने जाने गर्ने यात्रुहरूको सुविधाको लागि वि.सं. १९७० मा बनाएको पौवा भत्की बिग्रिएकोले सो पौवा पुस्तकालयको नाउँमा लेखिदिएको छु भनी श्री शक्तिप्रसाद श्रेष्ठले मिति २००९ पौष २९ गते रोज २ का दिन उक्त पौवा पुस्तकालयलाई प्रदान गर्नु भएको थियो । श्री शक्तिप्रसाद श्रेष्ठको यसप्रकारको सहृदयताको कदरस्वरूप पुस्तकालयले उहाँलाई प्रथम संरक्षक घोषित गरेको थियो । बुटवल नगरपालिकाका पूर्व नगर उपप्रमुख रामप्रसाद खनालले अति न्यून पारिश्रमिकमा पुस्तकालयलाई सेवा प्रदान गर्नु भएको थियो भने श्री विष्णु बहादुर श्रेष्ठले पनि पुस्तकालयाध्यक्षको रूपमा सेवा पुर्‍याउनु भएको थियो। यसका साथै बुटवल-४ निवासी रविन्द्रमान श्रेष्ठ (पूर्व पुस्तकालयाध्यक्ष) ले पुस्तकालय व्यवस्थापनको लागि निःशुल्क सेवा पुर्‍याउनु भएको थियो।

हाल पुस्तकालय रहेको पुरानो भवन पुस्तकालयलाई प्राप्त हुनुपूर्व नेपाल सरकारको जडिबुटी संकलन गरी राख्ने बनस्पती अड्डाको रूपमा रहेको थियो। बनस्पती अड्डा कारणवश खारेज भएपछि उक्त भवनमा पुस्तकालय राख्न उपयुक्त देखिएकोले पुस्तकालयको लागि माग गरियो । वि.सं. २००८ साल कार्तिक १ गते तत्कालीन बुटौली चौतारी अड्डाका सुब्बा गजेन्द्र देवकोटाज्यूबाट उक्त खाली भवनमा पुस्तकालय सञ्चालनको लागि अनमति प्राप्त भयो । वि.सं. २०१०/९/२ को नेपाल सरकारको पत्रबाट उक्त भवन पुस्तकालयलाई प्रदान गरियो । सस्थापकहरूको अथक प्रयासबाट नेपाल सरकार, शिक्षा विभागको पत्र संख्या ६६५/ ०११ मिति २०११/७/६ को पत्रबाट पुस्तकालयलाई स्वीकृति पनि प्रदान गरियो । पुस्तकालयको नाउँमा आफ्नै निजी जग्गा नभएको अवस्थामा पुस्तकालयको पनि आफ्नो निजी जग्गा होस् भन्ने मनसायले उदारमना समाजसेवी स्व. श्री जगप्रसाद अमात्यज्यूले आफ्नो नाउँमा रहेको ० ०-५, २५ धुर विटौरी जग्गा वि.सं. २०१० चैत्र २९ गते श्री सेक्रेटरीको नाउँमा पत्र लेखी सामाजिक एवं सामूहिक कामका लागि पुस्तकालयलाई सप्रेम समर्पण गर्दछु भनी उदारतापूर्वक प्रदान गर्नुभयो। हाल पुस्तकालयको नाउँमा करिब ७ कठ्ठा जग्गा दर्ता रहेको छ।कठिन परिस्थितिमा स्थापना गरिएको पुस्तकालयको दीगो विकासका लागि स्थानीय बुद्धिजीवी, व्यापारी एवं अन्य शिक्षा प्रेमी जनसमुदाय निकै चिन्तित थिए। पुस्तकालय व्यवस्थित रूपमा सञ्चालन गर्न, चिरकालसम्म जीवन्त राख्न शिक्षाप्रेमी व्यापारीहरूको गहिरो अभिरुची रहेको थियो। पुस्तकालय सुसञ्चालनको लागि निश्चित आयश्रोतको आवश्यकता महशुस गरी नगरका घ्यू व्यापारीहरू, ठेकेदारहरू एवं व्यापार संघका २/२ जना प्रतिनिधि रहेको एउटा महावीर प्रबन्ध कमिटी गठन गरियो। उक्त कमिटीको मिति २००९ साल बैशाख १७ गते मंगलबार बसेको बैठकले धर्मादा महावीरी उठाउने र सो महावीरीबाट उठेको रकम श्री महावीर पुस्तकालय सञ्चालक समिति तथा बन्द व्यापारका लागि पहाडबाट झर्नेहरूको बासको प्रबन्धको लागि ठेकाहा कमिटीलाई उपलब्ध गराउने निर्णय गरियो । सो बैठकमा उपस्थित प्रतिनिधिहरूमा बुटवल व्यापार संघको तर्फबाट श्री समाजसेवी सूर्यलाल र श्री याह्या खाँ, घ्यू ठेकाहाको तर्फबाट श्री गिरधर, श्री चिनियालाल एवं श्री महावीर पुस्तकालयको तर्फबाट श्री बाबुलाल र श्री ओमशङ्कर श्रेष्ठज्यूले दस्तखत गर्नुभएको थियो । बुटवलमा साहित्य कला एवं संस्कृतिको विकास एवं उत्थान गर्ने, नव प्रतिभाहरूलाई प्रोत्साहन गर्ने उद्देश्यले २०१३ साल श्रावण ४ गते बसेको पुस्तकालय सञ्चालक समितिको बैठकले श्री बुद्धराज, पशुपति गौतम र श्री रुद्रनारायण मल्लिक रहेको तीन सदस्यीय साँस्कृतिक मण्डल गठन भयो । उक्त मण्डलले साहित्यिक गोष्ठीको आयोजना गर्ने र गोष्ठीमा उत्कृष्ट रचना वाचन गर्नेलाई पुरस्कार प्रदान गर्ने निर्णय पनि गरेको थियो । वि.सं. २०१५ सालमा तत्कालीन राजा स्व. श्री ५ महेन्द्र बुटवल नगरमा आउने समाचार प्राप्त भएपछि २०१५ पौष १९ गते पुस्तकालयमा सञ्चालक समितिको बैठक बसी राजा महेन्द्रलाई अभिनन्दन पत्र चढाउने निर्णय गर्‍यो । स्व. श्री ५ महेन्द्रको बुटवल नगरमा आगमन हुँदा यस पुस्तकालयको पनि निरीक्षण गरिएको थियो । निरीक्षण पश्चात् राजाबाट पुस्तकालयलाई भा.रु. ६००/- बक्सने हुकुम भएको थियो। सो अनुसार २०१६/०१७ मा भारु ३००/- र नेपाली ४००/- प्राप्त भयो भने २०१८ / २०१९ मा ने.रु. ९२०/- प्राप्त भयो । उक्त मिति पश्चात सम्बन्धित मन्त्रालयमा अनेक पत्राचार गर्दा पनि कुनै आर्थिक सहयोग प्राप्त हुन सकेन।

स्वतन्त्र धारा गण्डकी, कर्णाली, कोशी, महाकाली आफ्ना भन्नु के छ र ? बेचिन बाँकी नेपाली, बेचिन बाँकी नेपाली ॥

वि.सं. २०१६ सालमा पुस्तकालयबाट भव्य कौवाली निकालिएको थियो।

उपरोक्त पङ्क्ति उक्त अवसरमा गाइएको कौवालीको अंश हो । उक्त कौवालीमा परिक्षितप्रसाद लाकौल, धर्मगौतम बज्राचार्य, प्रेमलाल शाक्य, श्यामरत्न शाक्य, बुद्धिमान शाक्य, विष्णुबहादुर श्रेष्ठ, जनकलाल श्रेष्ठ आदिले सक्रिय रूपमा भाग लिनु भएको थियो। पुस्तकालयका सक्रिय सदस्यहरूले पुस्तकालयका सहयोगार्थ वि.सं. २०१६ मा "बहुविवाह" नाटक प्रदर्शन गरिएको थियो । उक्त नाटक स्व. श्री जनकलाल श्रेष्ठले लेख्नुभएको थियो भने नायकको भूमिका पनि उहाँले नै निभाउनु भएको थियो। नाटकमा न्यायाधीशको भूमिका चन्द्रध्वज श्रेष्ठले र वकिलको भूमिका सुरेन्द्रमणि तुलाधर र प्रविणकुमार श्रेष्ठले निर्वाह गर्नुभएको थियो।

साथै नाटकमा बुद्धिमान शाक्य, महेश्वरप्रसाद लाकौल, श्यामरत्न शाक्य, सूर्यलाल, पशुपति गौतम लगायत थुप्रै युवाहरूको सक्रिय सहभागिता रहेको थियो। नाटक बुटवल-२ स्थित पुरानो सिनेमा हल मिलन प्रकाश मन्दिरमा मञ्चन गरिएको थियो । त्यसबेला महिला पात्रको लागि महिला नपाउने (नआउने) हुनाले महिला पात्रको भूमिका पनि स्वयं पुरुष पात्रले गर्नु पर्दथ्यो।

पुस्तकालयको बार्षिक उत्सवको अवसरमा प्रत्येक वर्ष प्रभात फेरी गर्ने<br>
प्रचलन थियो।<br>
"रात बित्यो अन्धकार बित्यो।<br>
भोर भयो अब जाग न जाग।<br>
आलस्य निद्रा त्याग।"

उपरोक्त प्रभातफेरी गीतपुस्तकालयको बार्षिक उत्सवको अवसरमा प्रभातफेरी कार्यक्रममा गाइएको थियो । यसमा माणिकलाल श्रेष्ठ, श्यामरत्न शाक्य, मङ्गल शाही,सुमेररत्न शाक्यले हार्मोनियम एवं तबलामा साथ दिनुभएको थियो। गीतको रचना जनकलाल श्रेष्ठले गर्नुभएको थियो।

वि.सं. २०२० साल कार्तिक २ गतेदेखि ६ गते सम्म पुस्तकालयले पुस्तकालय हाताभित्र स्टेज निर्माण गरी पौराणिक नाटक हरिश्चन्द्र मञ्चन गरिएको थियो। २०२० कार्तिक २० गते बसेको बैठकले नाटकमा काम गर्ने पात्रहरू एवं सम्पूर्ण सहयोगीहरूलाई सम्मानपूर्वक बिदाई गरिएको थियो।

तत्कालीन बुटवल खस्यौली नगर पञ्चायतद्धारा २०२० पौष ७ गतेदेखि नगरभित्र ५ वटा केन्द्रमा निःशुल्क तथा अनिवार्य प्राथमिक पाठशाला सञ्चालन गर्ने निर्णय गयो। सोअनुसार नगर पञ्चायतबाट एउटा केन्द्र सञ्चालनको लागि पुस्तकालय हाताभित्रको खाली जग्गा माग भै आएकोमा १ बर्षको लागि स्थान उपलब्ध गराई शिक्षा क्षेत्रको विकासमा पनि यसले महत्वपूर्ण योगदान पुयाएको छ। वि.सं. २०२१ सालमा तत्कालीन नेपाल युवक संगठनद्धारा स्थापना भएको रात्रीस्कुल (हालको ज्ञानोदय रात्री माध्यमिक विद्यालय) को संचालन यस पुस्तकालयमा भएको थियो। वि.सं. २०२७/६/१४ मा सञ्चालक समितिको बैठकले बार्षिक रूपमा "जुनकीरी" साहित्यिक पत्रिका निकाल्ने निर्णय गरियो। यसको लागि निम्नअनुसारको कार्य विभाजन गरियो।

जसअनुसार प्रमुख सम्पादक जनकलाल श्रेष्ठ, सहसम्पादक बसन्तध्वज जोशी, लक्ष्मणकुमार श्रेष्ठ बिष्णुप्रसाद थैव, सुश्रीनिर्मला गुरुङ मनोनित गरिए । २०२७ । सालदेखि 'जूनकीरी' निकाल्ने तयारी भए तापनि विविध कारणवश यसको पहिलो अंश २०३० सालमा मात्र प्रकाशन सम्भव भयो। यसको सल्लाहकारमा हिक्मतप्रसाद श्रेष्ठ, कुलमणि देवकोटा, पृथ्वी शेरचन, र सूर्यलाल रहनु भएको थियो । 'जूनकीरी' को दोश्रो अंश २०३५ साल पौषमा स्व. श्री ५ वीरेन्द्रको ३४ औं शुभजन्मोत्सवको अवसरमा प्रकाशित भयो। यसको प्रधान सम्पादक जनकलाल श्रेष्ठ र विमलबहादुर शाक्य हुनुहुन्थ्यो। लामो समयको अन्तरालपछि आफ्नो ५९ औं बार्षिक उत्सव वि.सं. २०६३ को अवसरमा बिमलबहादुर शाक्यको प्रधानसम्पादकत्व, देवेन्द्रराज शाक्य प्रमुख सल्लाहकार र सहनशीलप्रसाद लिगलको प्रमुख व्यवस्थापनमा यसको तेश्रो अंक प्रकाशित गरियो। वि.सं. २०६४ मा हरिप्रसाद रेग्मीको प्रधानसम्पादकत्वमा चौथो अंक र वि.सं. २०६५ मा देवेन्द्र राज शाक्यको प्रधानसम्पादकत्वमा पाँचौ अंक प्रकाशित गयो। हाल वि.स. २०६६ सालमा लेखक स्वयंमको प्रधानसम्पादकत्वमा छैठौं अंक प्रकाशित हुन लागिरहेको छ। वि.सं. २०२९ सालमा पुस्तकालयको २५औं वार्षिक उत्सव रजतजयन्तीको रूपमा विभिन्न कार्यक्रम गरी मनाइयो। यसै वर्ष पुस्तकालयको आय बृद्धिको लागि गाईजात्रा निकालियो र तिहारमा देउसी कार्यक्रम गरी अर्थ संकलन गरियो।

वि.सं. २०३९ मा श्री टोपबहादुर श्रेष्ठलाई पुस्तकालयलाई सहयोग गरेवापत कदरस्वरूप संस्थापकको रूपमा मनोनित गरियो। सोही मितिमा श्री गणेशमान सैजूलाई संरक्षकमा मनोनितगरिएको कुरा अभिलेखबाट थाहा हुन आउँछ। साथै यस लेखका लेखकलाई २०३९/३/२३ गते गठन गरिएको अर्थ संकलन उपसमितिको सदस्यको रूपमा मनोनित गरिएको थियो।

वि.सं. २०४३ साल भाद्र महिनामा गाईजात्रा पर्वको अवसरमा अन्तिम पटक नगरमा छोकडा नृत्य सफलतापूर्वक प्रदर्शन गरिएको थियो । उक्त नृत्यबाट पुस्तकालयलाई केही आर्थिक टेवा पनि पुगेको थियो।

अनेकन समस्याका बाबजुद जेनतेन पुस्तकालय सञ्चालन हुँदै आएकोमा ६ बर्ष बन्द हुनु पूर्व २०४४ पौष १९ गते कार्यसमिति सल्लाहकार, संस्थापक, आजीवन एवं नगरका बुद्धिजीवीहरूको संयुक्त भेला बोलाइएकोमा ७ जना मात्र उपस्थित हुनु भएको हुँदा कोरम नपुगी दुःख एवं खेद प्रकट गर्दै बैठक स्थगित गरिएको थियो। यो बैठक नै अन्तिम बैठक हुन गयो।

२०४४ साल मंसीर महिनासम्म नियमित रूपमा सञ्चालन हुँदै आएको पुस्तकालय आर्थिक कठिनाई के कारण २०४४ पौष महिनादेखि करिब ६ बर्ष सम्म बन्द रहन गयो।

बुटवल नगरकै विशिष्ट पहिचानको रूपमा रहेको यस पुस्तकालय पुनः सञ्चालन गर्ने सम्बन्धमा वि.सं. २०५० श्रावण ११ गतेका दिन पूर्व शिक्षा तथा खेलकूद राज्य मन्त्री बालकृष्ण खाँडज्यू एवं सांसद सूर्यप्रसाद प्रधानज्यूको विशेष सकृयतामा पुस्तकालयका संरक्षक, संस्थापक एवं आजीवन सदस्यहरू, बुटवल नगरका अग्रणी महिला एवं भद्र भलादमी शिक्षा प्रेमी महानुभावहरूको एक बृहत् भेला आयोजना गरियो। उक्त भेलाले संस्थापक श्री ओमशङ्कर श्रेष्ठको संयोजकत्वमा एउटा तदर्थ समिति गठन गयो। तदर्थ समितिले २०५० भाद्र २६ गते ३९औं साधारण सभा सम्पन्न गर्नुका साथै विधान समेत संशोधनगरी पारीत गर्‍यो। विधान संशोधनका लागि १ सदस्यीय उपसमिति गठनगरी यस लेखका लेखक (देवेन्द्रराज शाक्य) लाई संयोजकको अभिभारा सुम्पिएको थियो। साथै यस समितिद्धारा २०५० आश्विन ९ गते १७औं अधिवेशन सफलतापूर्वक सम्पन्न गरी संस्थापक श्री ओमशङ्कर श्रेष्ठ सभापति रहेको नयाँ कार्यकारिणी समिति समेत चयन गरियो।

यसरी महावीर पुस्तकालय पुनः नयाँ जीवनका साथ सञ्चालनमा आयो।

(महाबीर पुस्तकालयको प्रकाशन जुनकीरी अंक ७, २०६७ मा प्रकाशित लेखको संक्षिप्त सम्पादन सहित साभार गरिएको।)

**पेन्सनपट्टा हराएको सूचना**

मेरो निम्न विवरण भएको पेन्सन पट्टा यही मिति २०८०।०१। ०५ गते भारतदेखि नेपाल आउँदै गर्दा हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिनु होला।

**नाम : टेकबहादुर थापा**<br>
**ठेगाना : भुनपा-५, असुरकोट अखा**<br>
**पेन्सन पट्टा नं. : 118290 5GR**<br>
**सम्पर्क : ९७६८३३७९३३**

**ट्वाइलेट सफा गराउनुहोस्**

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सम्पर्कः

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

**सीताराम सफा सेनेटरी**<br>
भैरहवा<br>
९८६९७८९२७५,९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प,बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

**तिनाउ सेनेटरी**<br>
बुटवल-१०, सुख्खानगर, रूपन्देही,<br>
**फोनः ९८५७०५८८१३,९८०७१८०८१३**

**ट्वाइलेट सफा गराउनुहोस्**

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?<br>
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।<br>
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



**प्रो. रामशाह शाहानी**<br>
**विशाल सेनेटरी**<br>
बर्मेलीटोल, भैरहवा<br>
मो.9847324755,9804406297

# एमबीबीएसको पूर्ण छात्रवृत्तिमा नाम निकालेका विद्यार्थीलाई सम्मान



बुटवल । रुपन्देहीको तिलोत्तमास्थित तिलोत्तमा कलेजमा अध्ययन गरेका विद्यार्थी कुशल भट्टराईले चिकित्साशास्त्र (एमबीबीएस) प्रवेश परीक्षा- ०८१ मा देशभरमा पाँचौ र भ्याली बाहिर पहिलो स्थानमा नाम निकालेका छन् ।

पाल्पाबाट एसईई उत्तीर्ण गरेका उनले तिलोत्तमा कलेजमा कक्षा ११ र १२ मा अध्ययन गरेका थिए ।

चिकित्साशास्त्रमा भ्याली बाहिर पूर्ण छात्रवृत्तिमा नाम निकालेका कुशल भट्टराईलाई क्याम्पसले एक कार्यक्रमको आयोजना गरी सम्मान तथा पञ्चेबाजासहित नगरपरिक्रमा गराएको थियो । तिलोत्तमा क्याम्पसको उपलब्धिलाई सबै सामु प्रचार गर्दै विद्यार्थी कुशल भट्टराईले बुटवल, तिलोत्तमा, सिद्धार्थनगर नगरपालिकामा परिक्रमा गराइएको क्याम्पस प्रमुख आर.सी आचार्यले बताए ।

विद्यार्थी कुशल भट्टराईले चिकित्साशास्त्रमा पूर्ण छात्रवृत्तिमा नाम निकालेसँगै उनले ६० लाखको छात्रवृत्ति पाएका छन् ।

कुशल बाहेक तिलोत्तमा क्याम्पसमै अध्ययन गरेका अन्य १३ जना विद्यार्थीहरुले पनि चिकित्साशास्त्रमा छात्रवृत्तिमा नाम निकालेका छन् ।

सो अवसरमा विद्यार्थी भट्टराईले तिलोत्तमा क्याम्पसको परिपक्क टिमका कारण सफलता हासिल गरेको बताए । आफूले एसईईमा ३ दशलव ८ जीपीए ल्याएर उत्तीर्ण गरेको भए पनि शिक्षक र आफ्नो मेहनतले अहिले सफलता प्राप्त गरेको उनले बताए ।

उनले सहयाक क्याम्पस प्रमुख नवेन्दु ढकालले आफूलाई यो बिचमा धेरै सहयोग गरेको बताए । कुशलसहित विद्यार्थी एलिना शर्मालाई पनि क्याम्पसले सम्मान गरेको थियो । उनी पनि चिकित्साशास्त्र प्रवेश परीक्षा ०८१ मा उत्तीर्ण भएकी छन् ।

क्याम्पसको प्रवेश गेटबाट सुरु भएको सफलताको र्‍याली शान्तिचोक, देवीनगर, गोलपार्क, बसपार्क, चौराह, योगिकुटी, मणिग्राम हुँदै भैरहवा पुगेर पुनः क्याम्पसमा आएको थियो । र्‍यालीमा नौमती पञ्चेबाजा बजाउँदै विद्यार्थीलाई परिक्रमा गराइएको थियो ।

# टेन प्लास्टको ब्राण्ड एम्बेसडरमा सोमपाल




बुटवल । नवलपरासीको टेन प्लास्ट इण्डस्ट्रिजका उत्पादनको ब्राण्ड एम्बासडरमा क्रिकेटर सोमपाल कामी अनुबन्धित भएका छन् ।

शुक्रबार भैरहवामा एक औपचारिक समारोहमा उद्योगका अध्यक्ष धिरज अग्रवालले कामीलाई उद्योगको पाइप हस्तान्तरण गर्दै एम्बासडरमा अनुबन्धित भएको घोषणा गरेका हुन् ।

यो सम्झौता १५ महिनासम्म लागू हुने उद्योगले जनाएको छ । सो अवसरमा क्रिकेटर कामीले उद्योगका अध्यक्ष अग्रवाल क्रिकेटप्रेमी समेत भएका, उद्योगको नाम र आफ्नो जर्सी नम्बर समेत मिलेकाले स्वदेशी उद्योगका प्रवर्द्धनमा आफू अनुबन्धित भएको बताए ।

उद्योगका अध्यक्ष अग्रवालले २०५० सालमा ट्रेडिङको काम गर्दै सुरु भएको कम्पनी ३१औं वर्षमा आइपुग्दा उद्योग क्षेत्रमा पनि लगानी गरेको बताए । एक अर्ब लगानीमा २०७७ सालमा स्थापना भएको उद्योगले नेपालमै पहिलोपटक इटालियन प्रविधिबाट प्लम्बिङसम्बन्धी सबै सामान एउटै उद्योगबाट उत्पादन गरिरहेको र सय जना बढीलाई प्रत्यक्ष रोजगारी दिएको बताए । नेपाल गुणस्तर चिन्ह समेत प्राप्त गरेको उद्योगले थाइल्याण्ड, भियतनामलगायत देशबाट कच्चा पदार्थ आयात गरी गुणस्तरीय उत्पादन गरिरहेको अग्रवालले जानकारी दिए ।

# मानवसेवा आश्रममा निःशुल्क दन्त उपचार सुरु




बुटवल । मानवसेवा आश्रममा आश्रित डेढ सय बढी सहयोगा पेक्षीहरूको निःशुल्क दन्त उपचार सुरु भएको छ । मानवसेवा आश्रम रुपन्देहीमा आश्रित रहेका उनीहरुको निःशुल्क दन्त उपचार कार्यक्रमको शुक्रबार शुभारम्भ गरिएको हो ।

मानवसेवा आश्रमको आयोजना तथा रोटरी क्लब अफ लुम्बिनी स्टार्स, रोट्र्याक्ट लुम्बिनी स्टार्स र आधुनिक समाज विकास फाउन्डेसनको समन्वय तथा आधुनिक समाज डेन्टल केयर प्रालिको प्राविधिक सहयोगमा निःशुल्क उपचार शुभारम्भ भएको हो ।

कार्यक्रमको उद्घाटन गर्दै तिलोत्तमा नगरपालिकाका नगरप्रमुख रामकृष्ण खाँणले मानवीय सेवाका क्षेत्रमा यो काम महत्त्वपूर्ण रहेको बताए । समाजमा मानवीय संवेदना हराउँदै गएको बताउँदै मानवीय कार्य गर्नु अहिलेको आवश्यकता रहेको उनदे जनाए ।

तिलोत्तमा नगरपालिकाले स्वास्थ्य क्षेत्रलाई प्राथमिकतामा राखेर काम गरेको बताउँदै मानवसेवामा अश्रितलाई यो कार्यमा सहयोग गरेकोमा धन्यवाद व्यक्त गरे । आधुनिक समाज डेन्टलका अध्यक्ष अमृत भुसालले मुख स्वास्थ्यको क्षेत्रमा लामो समयदेखि क्रियाशील आफूहरुले गत वर्ष लुम्बिनी प्रदेशका १ लाख बढी बालबालिकालाई मुख स्वास्थ्य शिक्षा प्रदान गरेको बताउँदै यो वर्ष मानवसेवा आश्रममा आश्रित व्यक्तिहरूलाई निःशुल्क दन्त उपचार प्रदान गर्ने बताए ।

आधुनिक समाज डेन्टल प्रालिले भ्यान नै लगेर आश्रममै उपचार सेवा दिएको छ । मुख स्वास्थ्य अभियानको रूपमा रहेको प्रालिले गाउँ-गाउँमै मोबाइल एम्बुलेन्स जस्तैगरी दन्त उपचार सेवा प्रदान गर्दै आइरहेको छ ।

आधुनिक समाज डेन्टलका वरिष्ठ मुख स्वास्थ्य चिकित्सक सुनिल खरेलले मुख र दाँत क्यान्सरबाट मृत्यु हुने संख्या ठूलो रहेकाले मुख र दाँतको स्वास्थ्यलाई प्राथमिकतामा राख्न आग्रह गरे । कार्यक्रममा मानवसेवा अभियन्ता सरु अधिकारी, रोटरी क्लब अफ लुम्बिनी स्टार्सका पूर्व अध्यक्ष बालकृष्ण पाण्डे, रोट्र्याक्ट लुम्बिनी स्टार्सका कार्यवाहक अध्यक्ष गौरव पाण्डे, रोटरी क्लब अफ लुम्बिनी स्टार्सका अध्यक्ष नीरज पाण्डे, क्लबका निर्वाचित अध्यक्ष विमल ढकाल, मानवसेवा आश्रम रुपन्देही शाखा संयोजक टीका थापालगायतले मानवीय कार्यले निरन्तरता पाउनुपर्ने बताउँदै यस्ता कार्यक्रममा सहयोग गर्न सबैलाई आग्रह गरेका थिए ।

# लिस्नु कपमा १२ टिम खेल्दै




भैरहवा । रुपन्देहीको कोटीहवामा भएको २२औं लिस्नु कप फुटबल प्रतियोगिता आगामी शनिबारबाट हुँदैछ । लिस्नु युवा क्लब तिलोत्तमा-१५ कोटिहवाको आयोजनामा संगठित युवा सांगठनिक शक्ति भन्ने नाराका साथ कोटीहवास्थित पशुपति माविको खेलमैदानमा रुपन्देहीका ८ सहित १२ टिमको सहभागितामा प्रतियोगिता हुने आयोजकले पत्रकार सम्मेलन गरी जानकारी गराएका छन् ।

क्लबले यस क्षेत्रकै ठूलो धनराशीसहितको पुरस्कार रहेको प्रतियोगिता विगत २१ वटा सफलता पूर्वक सम्पन्न गरी २३ लाख १५ हजारको लागत अनुमानमा यस वर्ष प्रतियोगिता आयोजना गराउँदै छ ।

९ ए साइड चरणमा खेलाइने फुटबल प्रतियोगिता जिल्ला फुटबल संघको प्राविधिक सहयोगमा खेलाइने छ भने खेल फिफाको नियमानुसार खेलाइने खेलका संयोजक कृष्ण गुरुङले बताए । उनले यस वर्ष खेललाई थप व्यवस्थित गर्दै प्याराफिटको संख्या बढाउने र दर्शकहरुलाई सहजता प्रदान हुनेजानकारी गराए ।

प्रतियोगितामा प्रवेश शुल्कबाट बचेको रकम अविनाथ अनाथ आश्रमलाई सहयोग गर्ने आयोजकले जानकारी गराएका छन् ।

प्रतियोगितामा रुपन्देही, नवलपरासी, कपिलवस्तु, र स्याङ्जाका १-१ वटा टीमको सहभागिता रहेको छ भने जितसँगै विजेताले ३ लाख २५ हजार रुपैयाँ र ट्रफी तथा उपविजेताले १ लाख ६५ हजार रुपैयाँ र ट्रफी प्राप्त गरेका छन् । त्यसैगरी प्रतियोगिताको सर्वोत्कृष्ट खेलाडीले २५ हजार रुपैयाँसहित मेडल ट्रफी र गिफ्ट ह्याम्पर, उत्कृष्ट गोलरक्षक, सार्वधिक गोलकर्ता, उदियमान खेलाडीले ११-११ हजार नगदसहित मेडल ट्रफी र प्रमाण पत्र, त्यस्तै खेलमा प्रत्येक दिनको म्यान अफ द म्याचले ४ हजार रुपैयाँ पुरस्कार रहेको क्लबका अध्यक्ष तीर्थ राज मल्लले बताए ।

# एपिक न्यू स्वीफ्ट सार्वजनिक

भैरहवा । सुजुकीको एपिक न्यू स्वीफ्ट सार्वजनिक गर्दै भैरहवामा बिक्री सुभारम्भ गरेको छ । नेपालका लागि सुजुकी चारपाङ्ग्रे सवारी साधनका आधिकारिक बिक्रेता तथा सीजी होल्डिङको अटोमोटिभ डिभिजन सी जी मोटोकर्पले दसैं तिहारका लागि ग्राहक योजनासहित भैरहवास्थित पाठक मोटर ग्रुपमा एपिक न्यू स्वीफ्ट सार्वजनिक गरिएको हो । अहिले गाडी खरिद गर्नेले ५ वर्षसम्म पेट्रोलमा खर्च गर्नु पर्ने छैन, ५ वर्षको लागि मर्मतसम्भार र पीएमएस पार्टस, इञ्जिन आयलको खर्च पनि कम्पनीले गर्नेछ । ५ वर्षको अवधिसम्म हुने सर्भिसिङ पनि निःशुल्क रहेको छ ।

गाडी सार्वजनिक गर्दै लुम्बिनी इट्टा उद्योग संघका अध्यक्ष अजयकुमार गुप्ताले कम खर्चिलो बजेट गाडीको रुपमा रहेको बताए ।

**सुशासन प्रबर्द्धन गरौं......**

-कानून पालना गर्ने संस्कार र संस्कृतिको विकास गरौं,

-भ्रष्टाचार, अनियमितता विरुद्ध शून्य सहनशीलत बनौं,

-सार्वजनिक सेवालाई पारदर्शी र उत्तरदायी बनाऔं,

-राज्य र समाजप्रतिको जिम्मेवारी तथा कर्तव्यबोध गरौं,

-रचनात्मक आलोचना र सकारात्मक सोचको विकास गरौं ।

-विकास निर्माणका कार्यमा सहभागिता जनाऔं,

-अनियमितताको कुनै सूचना भए नियामक निकायलाई जानकारी गराऔं,

-सुशासन कायम गर्न राज्य संयन्त्रलाई खबरदारी गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड




**आकर्षक डिजाइन तथा छपाई**

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधै हामीलाई सम्झनुहोस्

**सम्पर्कः**

**आइडिया डिजाइनर्स/अफसेट प्रेस**

बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

**ट्वाइलेट सफा गराउनुहोस्**

**बुटवल सेनेटरी प्रा.लि.**

९७४५४०५९७३, ९८०७४०९८५२

सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०




सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com